# संसदीय सुनवाई कर्मकाण्डमा परिणत

## (वैशाख १८-जेठ १७, २०७१)


## भुवन केसी/तिलक पाठक



## प्रकाशित मितिः जेठ २२, २०७१ (June 5, 2014)


सर्वोच्च अदालतमा आठ जना स्थायी न्यायाधीश नियुक्तिका लागि न्यायपरिषद्ले गरेको सिफारिसलाई लामो विवाद र बहसपछि संसदीय सुनवाई विशेष समितिले अनुमोदन गऱ्यो । गम्भीर आरोपसहित न्यायाधीशहरुको सुनवाई हुनु तर तीमध्ये एक जनालाई पनि नरोक्नुले संसदीय सुनवाईको औचित्यमाथि प्रश्न उठ्यो । उता, संविधानसभा पहिले भन्दा संविधान निर्माण प्रकृयामा बढी केन्द्रीत भयो । अघिल्लो संविधानसभामा विभिन्न समितिले तयार पारेका सहमति र असहमतिका बुँदाबारे सभासद्हरुले संविधानसभामा छलफल गरे । तर, विभाजित मुद्दाहरुमा उनीहरु अघिल्लो संविधानसभाको भन्दा खासै फरक रुपमा प्रस्तुत भएनन् । पहिले झैं राजनीतिक दलहरुको अडान अनुसार सभासदहरुले धारणा व्यक्त गर्दा स्वामित्व बढ्ने बाहेक थप उपलब्धी हुन सकेन । संविधानसभामा निर्वाचनबाट तेस्रो पार्टी भएको एकीकृत नेकपा माओवादीमा विवादका कारण भाँडभैलो सिर्जना भयो भने संविधानसभाको दोस्रो ठूलो दल नेकपा एमालेमा महाधिवेशनको सरगर्मी बढ्यो ।

### अन्तत : सिफारिस अनुमोदन

नयाँ सरकार गठन भएपछि पनि संवैधानिक निकाय, सर्वोच्च अदालत, राजदूत नियुक्ति लगायतको प्रकृया अघि नबढेको भन्दै धेरै क्षेत्रबाट सरकारको आलोचना भइरहेको थियो । सर्वोच्च अदालतमा न्यायाधीशहरुको संख्या घट्दै र मुद्दाको चाप बढ्दै गइरहेका बेला धेरैको ध्यान न्यायाधीश नियुक्तिमा केन्द्रित भयो । चौतर्फी दबाब बढेपछि न्यायपरिषद्ले सर्वोच्च अदालतमा स्थायी न्यायाधीश नियुक्तिका लागि संवैधानिक प्रावधान[1] अनुसार संसदीय सुनवाईका लागि आठ जनाको नाम सिफारिस गऱ्यो ।[2] न्यायपरिषद्ले गरेको सिफारिस शुरुदेखि नै विवादमा पऱ्यो । सर्वोच्च अदालतमा रहेर न्यायाधीशको भूमिका निर्वाह गरिसकेका प्रकाश वस्ती, भरत कार्की हटिसकेपछि मात्रै अरु आठ जनालाई संसदीय सुनवाईका लागि पठाएको भन्दै विरोध भयो । उनीहरुमध्ये केहीलाई पृष्ठभूमि विवादास्पद भएको आरोप पनि लाग्यो । उनीहरु विरुद्ध संसदीय सुनुवाई समितिमा २७ वटा उजुरी परेका थिए ।[3]

---

[1] अन्तरिम संविधान २०६३ को धारा १५५ मा न्यायाधीहरुको संसदीय सुनवाइ हुने व्यवस्था रहेको छ ।

[2] न्यायपरिषदले सिफारिस गरेकाहरुमा न्यायाधीशह बैद्यनाथ उपाध्याय, ओप्रकाश मिश्र, दीपकराज जोशी, चोलेन्द्रशम्शेर जवरा, गोपाल पराजुली, गोविन्द उपाध्याय, देवेन्द्र गोपाल श्रेष्ठ र जगदिश शर्मा पौडेल थिए ।

[3] समितिमा वैद्यानाथ उपाध्याय विरुद्ध ६, गोपाल पराजुली विरुद्ध ७, दीपकराज जोशी विरुद्ध २, गोबिन्द उपाध्याय विरुद्ध २, ओमप्रकाश मिश्र विरुद्ध १, देवेन्द्र गोपल श्रेष्ठ विरुद्ध १, चोलेन्द्रशम्शेर राणा विरुद्ध ६, जगदिश शर्मा विरुद्ध २ वटा उजुरी परेका थिए ।

न्यायाधीशहरुको बारेमा चर्चा परिचर्चा भइरहँदा प्रधानन्यायाधीश दामोदरप्रसाद शर्माले भने यसबारे धेरै टिप्पणी गर्न चाहेनन् । उनले संसदीय सुनवाई समितिमा विचाराधिन भएकाले त्यसबारे टिप्पणी गर्न उपयुक्त नभएको धारणा व्यक्त गरे ।[4] संसदीय सुनवाईमा गएपछि न्यायाधीशहरुप्रति धेरै नै आक्रोश व्यक्त गरियो । सभासद्को भनाइले सिफारिस गरिएकामध्ये केहीको नाम अनुमोदनका लागि मुस्किल पर्ने देखिन्थ्यो । तर, संसदीय सुनवाईको प्रकृया शुरु भएपछि भने सभासद्हरु विभाजित भए । मूलतः काँग्रेसका अधिकांश सभासद् सिफारिस अनुमोदन गर्ने पक्षमा देखिए भने एमाले र एमाओवादीका सभासद्हरु अनुमोदनको विपक्षमा । साना दलका सभासद्हरु पनि प्रायः विरोधमा नै थिए । त्यसको छनक सुनवाई समितिको पहिलो बैठकमा पऱ्यो ।[5] तैपनि बैठकले न्यायपरिषद्ले गलत व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको भन्दै न्याय परिषद्को निर्णय पुस्तिका झिकाउने निर्णय गऱ्यो । त्यतिबेला मापदण्डअनुसार नियुक्ति नभएको भन्दै न्यायाधीश नियुक्तिका लागि गरिएको सिफारिसमा पुनरावलोकन गर्न न्यायपरिषद्लाई धेरै क्षेत्रबाट दबाब परेको थियो । नेपाल बार एशोसियशनका अध्यक्ष हरिकृष्ण कार्कीले नियुक्तिको सिफारिस फिर्ता हुनुपर्ने माग गरे । तर, न्यायपरिषद् सदस्य खेमनारायण ढुंगानाले मापदण्ड अनुसार भएको दाबी गर्दै सिफारिसमा पुनरावलोकन नहुने दाबी गरे ।[6]

न्यायपरिषद्को सिफारिसबारे विवाद जारी रहेका बेला एमाले अध्यक्ष झलनाथ खनाल चीन भ्रमणमा थिए । त्यसैले एमालेले न्यायपरिषद्को सिफारिस ठीक बेठीक भन्न सकेन । बरु सिफारिस त्रुटीपूर्ण रहे र दीर्घकालिन असर पर्न सक्ने भन्दै स्थायी समितिको बैठकबाट सबै पक्षसँग छलफल गर्ने निर्णय गऱ्यो । एमालेले आफू निकटका कानून व्यवसायीसँग पनि यसबारे छलफल गऱ्यो । सुनवाई समितिले भने सिफारिसबारे छलफल गर्न न्यायपरिषद्, सिफारिसमा परेका न्यायाधीश र उजुरीकर्तालाई समितिमा बोलाउने निर्णय गऱ्यो ।[7] न्यायपरिषद्ले समितिको निर्णयप्रति आपत्ति प्रकट गर्दै आफू समितिमा नआउने जवाफ पठायो ।[8] एमालेको उपाध्यक्ष समेत रहेका उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले संसदीय समितिको बैठकमा न्यायपरिषद्लाई बोलाउने निर्णय गलत भएको भन्दै न्यायाधीश नियुक्तिमा समर्थन गर्न सभासद्हरुलाई निर्देशन नै दिए ।[9]

विवाद जारी रहेका बेला सर्वोच्च अदालतले न्यायपरिषद्लाई बोलाउन नमिल्ने अन्तरिम आदेश जारी गऱ्यो । जसमा 'न्यायपरिषद्का सदस्यहरुलाई सुनवाई समितिमा बोलाइ कुनै प्रश्न गर्दा सर्वोच्च अदालतको प्रधानन्यायधीश अध्यक्ष एवं वरिष्ठतम न्यायाधीश समेत

---

[4] कान्तिपुर टिभी । बैशाख २२, २०७० ।

[5] न्यायाधीश नियुक्तिको विषयलाई लिएर २०७० साल बैशाख २५ गते संसदीय सुनवाई समितिको पहिलो बैठक बसेको थियो ।

[6] कान्तिपुर टिभी, जेठ २६, २०७१ ।

[7] २०७० साल बैशाख ३० गते बसेको संसदीय सुनवाई विशेष समितिको बैठकले न्यायपरिषद, सिफारिसकर्ता र न्यायाधीशलाई समितिमा बोलाउने निर्णय गरेको थियो ।

[8] खड्का, धनश्याम । जेठ २, २०७१ । परिषद्मा संसदमा नजाने । कान्तिपुर, पृ.१ ।

[9] कान्तिपुर टिभी । जेठ १, २०७० ।

रहेका न्यायपरिषद्को मात्र नभई सम्पूर्ण न्यायपालिकाको स्वतन्त्रता र संसदीय कार्य प्रणालीको मर्यादामाथि प्रश्न चिन्ह उत्पन्न गर्नुका साथसाथै संसद एवं न्यायपालिकाबीचमा अनावश्यक र अशोभनीय द्वन्द्व समेत उत्पन्न हुनसक्ने हुन्छ'[10], भन्ने उल्लेख थियो । त्यसपछि प्रधानमन्त्री सुशील कोइरालाले 'न्यायाधीश नियुक्तिको सिफारिसलाई जर्बजस्ती अनुमोदन गर्न दलका शीर्ष नेता र सभासद्सँग लविङ तिव्र'[11] पारे । यस क्रममा उनले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, सदभावनाका लक्ष्मणलाल कर्ण लगायतलाई भेटे ।

समितिमा नआउने भनी न्यायपरिषद्ले पठाएको पत्रलाई लिएर समितिको बैठकमा पक्ष विपक्षमा बहस भयो । काँग्रेसका सभासद्हरुले यसको बचाउ गरे भने एमाले, एमाओवादी र साना दलका सभासद्हरुले त्यसमा आपत्ति जनाए ।[12] उनीहरुले सिफारिस नै फिर्ता पठाउनुपर्नेमा जोड दिएका थिए । एमालेका ४८ जना केन्द्रीय सदस्यले त न्यायपरिषदको सिफारिसलाई अनुमोदन नगराउन भन्दै अध्यक्ष झलनाथ खनाललाई दबाब नै दिए ।[13] यसबारे विवाद भएपछि एक दिन त सुनवाई समितिको बैठक बीचमै स्थगित गर्नुपर्‍यो ।[14] त्यसपछि बसेको समितिको बैठकले न्यायपरिषद्को पत्रमा उल्लेखित शब्द र भाषा मर्यादाविपरित रहेको निष्कर्ष निकाल्दै न्यायपरिषद्लाई पत्र पठाउने निर्णय गर्‍यो । त्यसपछि न्यायपरिषद्ले समितिको गरिमा र मर्यादामा आँच पुर्‍याउने मनसाय नभएको स्पष्टोक्तिसहित समितिलाई पत्र पठायो । अनि समितिले उजुरीकर्तासँग जानकारी लिनुका साथै न्यायाधीशहरुसँग सुनवाई गर्‍यो । सिफारिस पुनरावलोकन हुनुपर्ने माग गर्दै आएका एमाले, एमाओवादी र जनमोर्चा नेपाल पनि विस्तारै संसदीय सुनवाइ मान्न तयार भए ।[15]

न्यायाधीश नियुक्तिका विषयमा राजनीतिक दलहरुबीच पनि छलफल चल्यो । काँग्रेस, एमाले र एमाओवादीबीच कुरा हुँदा दोस्रो पटकको नियुक्तिमा दलिय भागवण्डा अनुसार मिलाउने सर्तमा संसदीय सुनवाइ विशेष समितिमा विवादित न्यायाधीशहरुबारे अध्ययन र छानविन कमजोर बनाउने प्रयास'[16] थालियो । विवादास्पद छविका न्यायाधीशलाई सिफारिस गरेको भन्दै कानून तथा न्यायमन्त्री नरहरि आचार्यको भूमिकामाथि पनि प्रश्न उठाइयो । कानून मन्त्रीले गलत मान्छे परे कि भनेर चिन्ता गर्नु जायज भएपनि आफूले निश्चित प्रक्रियामा रहेर निर्णय गर्नुपर्छ भन्ने आफ्नो प्राथमिकतामा रहेको बताए ।[17]

---

[10] २०७० साल जेठ २ गते सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लालले जारी गरेको अन्तरिम आदेश ।

[11] बस्नेत, बालकृष्ण । जेठ २, २०७१ । प्रधानमन्त्री 'अनुचित' दौडधुपमा । कान्तिपुर, पृ.१ ।

[12] समितिमा काँग्रेसका १७, एमालेका १५, एमाओवादीका १७ र साना दलका २५ सदस्य थिए ।

[13] परिषद्को सिफारिस अनुमोदन नगर्न एमालेमा दबाब । Retrieved June 5, 2014, from http://setopati.com/raajneeti/11523/

[14] २०७१ साल जेठ ६ गते बसेको सुनवाइ समितिको बैठक बीचमै स्थगित गरिएको थियो ।

[15] भण्डारी, किरण । एमाले-एमाओवादीले आठ न्यायाधीशको सिफासिर पुनरावलोकन हुनुपर्ने माग त्यागे । Retrieved June 5, 2014, from http://setopati.com/raajneeti/11609/

[16] बस्नेत, बालकृष्ण र खड्का घनश्याम । **जेठ ८, २०७१ । न्यायाधीश सुनवाइ खुकुलो । कान्तिपुर, पृ.१ ।**

[17] 'चिन्ता मलाइ पनि छ' । जेठ ९, २०७१ । कान्तिपुर पृ. १ ।

समितिले न्यायाधीशहरुको सुनवाई सुरु गऱ्यो । सभासद्हरुले उनीहरुलाई च्याखऱ्याख्ती पार्ने प्रश्न सोधे । तर, सन्तुष्ट हुन नसकेपछि सभासद्हरुले सभापति कुलबहादुर गुरुङ र न्यायाधीशबारे नै प्रश्न उठाए । बैठकमा सदस्य चित्रबहादुर केसीले भने, 'हाम्रो प्रश्नको एउटै पनि उत्तर नदिइ उहाँ (न्यायाधीश दीपकराज जोशी) जानुभयो, यस्तै हो भने यो सुनवाइ नामको नाटक अहिल्यै बन्द गर्नुहोस, सभापति ज्यू ।'[18] समितिले तीन दिन लगाएर आठ जना न्यायाधीशको सुनवाई गऱ्यो । न्यायाधीश बैद्यनाथ उपाध्याय र ओप्रकाश मिश्र सर्वसम्मत भए । ६ जना न्यायाधीशबारे मतदान गरियो । दीपकराज जोशी र चोलेन्द्रशम्शेर जबराको विपक्षमा एमाले, एमाओवादी, राष्ट्रिय जनमोर्चा, समाजवादी पार्टी र नेकपा संयुक्त उभिए ।[19] एमाओवादीका सभासद् टोपबहादुर रायमाझी पार्टी लाइनविपरित न्यायाधीश चोलेन्द्रशम्शेर जबराको पक्षमा लागे ।[20] न्यायाधीश गोपाल पराजुली, गोविन्द कुमार उपाध्याय, देवेन्द्र गोपाल श्रेष्ठ र जगदिश शर्मा पौडेलको विपक्षमा राष्ट्रिय जनमोर्चाका सभासद् चित्रबहादुर केसी मात्र उभिए । मतदान हुँदा कुनै पनि न्यायाधीशका विरुद्ध दुई तिहाई सभासद् नपुगेकाले न्यायपरिषद्को सिफारिस अनुमोदन भयो । राप्रपा नेपालले भने मतदान बहिस्कार गऱ्यो । त्यसको अर्को दिनदेखि आठै जना न्यायाधीशले पद तथा गोपनियताको सपथ लिइ कार्यभार सम्हाले ।[21]

## संविधान लेखन शुरु

संविधानसभाका पाँचमध्ये संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति, संविधान लेखन अभिलेख तथा निर्क्यौल समिति र संविधान मस्यौदा समिति र तिनीहरु अन्तर्गत गठित उपसमितिहरु निकै सक्रिय भए । खासगरी निर्क्यौल समितिले गठन गरेको उपसमितिहरुले अघिल्लो संविधानसभाका विषयगत समितिहरुमा भएका सहमति र असहमतिका बुँदा तयार पारे । अघिल्लो संविधानसभाका समितिहरु मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति, न्यायप्रणाली सम्बन्धी समिति, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति, राष्ट्रिय हित संरक्षण समिति, साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिका प्रतिवेदनमा भएका सहमति र असहमतिका बुँदालाई यही समिति अन्तर्गतका उपसमितिहरुले अध्ययन गरी प्रतिवेदन तयार पारे ।

निर्क्यौल समितिले समितिमा छलफल गरी सहमति जुटेका विषयलाई संविधानसभा र सहमति नभएका विषयलाई राजनीतिक संवाद तथा सहमति समितिमा पठायो । त्यस

[18] खड्का, घनश्याम । न्यायाधीशलाई सुनवाइमा 'उन्मुक्ति' । जेठ ११, २०७१ । कान्तिपुर पृ.१ ।

[19] दीपकराज जोशीको विपक्षमा २५ र चोलेन्द्रशम्शेर जबराको विपक्षीमा २४ मत परेको थियो ।

[20] बुढाथोकी, विष्णु । चोलेन्द्रको सधै विरोध गर्ने टोपबहादुर रायमाझी पल्टिए । Retrieved June 5, 2014, from http://setopati.com/raajneeti/11917/

[21] २०७० साल जेठ १३ गते सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ति ।

अतिरिक्त समितिले सहमति र असहमतिका विषयलाई एकीकृत गरी संविधानसभामा पनि पठायो । हरेक समितिको प्रतिवेदनमा पाँच/पाँच दिनका दरले संविधानसभामा छलफल गर्न शुरु गरियो । संविधानसभामा छलफल हुँदा सभासद्हरुले मूलतः अघिल्लो संविधानसभा झैं दलगत रुपमा प्रस्तुत भए । 'विषयगत प्रतिवेदनका सहमति असहमतिमाथिको सैद्धान्तिक बहस निराशाजनक'[22] भयो । शीर्ष नेताहरु पनि अरुभन्दा भिन्न रुपमा प्रस्तुत हुन सकेनन् । 'संघीयता विवाद निरुपण गर्न नसकेकै कारण अघिल्लो संविधानसभा असफल भएको साझा अभिव्यक्ति दिँदै आएका दलका शीर्ष नेताहरुले विवाद निरुपणको प्रक्रिया र संघीयताको खाकाबारे विगतमा जस्तै परस्पर विरोधी अडान'[23] राखे जसले गर्दा संविधानसभामा नयाँपन भन्दा पनि अघिल्लो संविधानमा देखा परेको परिदृश्य देखिए । छलफलपछि सहमति भएका विषयलाई संविधानसभाले संविधान मस्यौदा समितिमा पठाउन थाल्यो ।

उता संवाद समिति पनि सक्रिय भयो । यस समितिले उपसमिति गठन गरी काम गऱ्यो । उपसमितिले सरकारले विभिन्न दल, समूह एवं पक्षहरुसँग गरेका सहमतिलाई संविधानमा उल्लेख गर्नुपर्ने विषयको समेत टुंगो लगायो । र, त्यसको सैद्धान्तिक पक्षमा छलफल समेत गरियो । समितिले राजनीतिक दल र विभिन्न समूहसँग भएका सहमति कार्यान्वयन गरी संविधान निर्माण प्रकृयामा सहयोग गर्न सरकारलाई आग्रह पनि गऱ्यो । समितिका सभापति बाबुराम भट्टराईले संविधान निर्माणमा समेट्नुपर्ने विषयबारे संविधानसभा बाहिर रहेका दलहरुसँग पनि अनौपचारिक छलफल भइरहेको बताए ।

संविधानको मस्यौदा लेखनको जिम्मेवारी पाएको संवैधानिक समिति पनि सक्रिय भयो । विभिन्न समितिका उपसमिति र संविधानसभामा संविधानका विषयवस्तुबारे छलफल जारी रहेका बेला संवैधानिक समितिले कानून व्यवसायीसँग श्रृंखलाबद्ध रुपमा छलफल चलायो । उनीहरुले मुलुकको यथार्थ धरातल, संस्कृति र शक्ति सन्तुलनलाई आधार मानेर संविधानको मस्यौदा तयार पार्न सुझाव दिए । यसैगरी कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन हुनुपर्नेमा पनि उनीहरुको जोड रह्यो ।

विभिन्न उपसमिति र संविधानसभामा भएका सहमतिका विषयलाई संवधानसभाले पठाएपछि २०७१ साल जेठ १६ गतेदेखि संविधान मस्यौदा समितिले संविधानको मस्यौदा लेखन शुरु गरेको औपचारिक जानकारी दियो । सरकार गठन भएको एकसय दिनका अवसरमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारमन्त्री मिनेन्द्र रिजालले राजनीतिक सहमतिका आधारमा संविधान निर्माणका लागि आधार बनाउनु सरकारको मुख्य उपलब्धी भएको दाबी गरे ।

यसबीचमा सभाध्यक्ष सुवासचन्द्र नेम्वाङले संविधान निर्माणमा भएको प्रगतिबारे नेपालस्थित विदेशी कुटनीतिक निकायका प्रतिनिधिहरुलाई जानकारी गराए भने नेपाल बार

---

[22] बोल्ने धेरै, सुन्ने कम । जेठ ५, २०७१ । कान्तिपुर, पृ ३ ।

[23] फुयाल, राजेन्द्र । जेठ १६, २०७१ । अडान आ-आफ्नै । कान्तिपुर, प. १ ।

एसोसियसनले विशेष संवैधानिक सम्मेलन गऱ्यो । जसले राज्यको पुनर्संरचना, न्यायपालिका, शासकीय स्वरुप, निर्वाचन प्रणाली लगायतका विषयमा निष्कर्ष निकाल्यो । प्रदेशहरु निर्माण गर्दा वर्तमान सामाजिक, भौगोलिक र ऐतिहासिक विशेषताका आधारमा पहिचान र सार्मथ्यलाई मुख्य आधार बनाई प्रत्येक प्रदेश बहुभाषिक, बहुसाँस्कृतिक र बहुपहिचानमा आधारित हुनुपर्ने, सर्वोच्च अदालत, प्रादेशिक उच्च अदालत र जिल्ला अदालत हुने, सबै तहका न्यायाधीशहरुको नियुक्तिको सिफारिस गर्न एक अलग्गै संवैधानिक अंगको व्यवस्था हुनुपर्ने थियो । यस्तै राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकारी अधिकार विभाजन गरिएको शासकीय स्वरुप हुनुपर्ने, प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गर्नुपर्ने लगायतका सुझाव पनि सम्मेलनले दियो ।[24]

## एमाओवादीमा भाँडभैलो

पार्टीभित्र अध्यक्ष पुष्पकमल दाहाल र नेता बाबुराम भट्टराई पक्षबीच विवाद चलिरहेको बेला विवादलाई सुल्झाउन र पार्टीलाई नयाँ दिशा दिन भन्दै एमाओवादीले विराटनगरमा राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । सम्मेलनमा दाहालले ‘महाधिवेशन (हेटौडामा आयोजना गरिएको)को कार्यदिशा परिमार्जन गर्ने, सँगै पार्टी पुनर्निर्माण गर्ने हो । कार्यदिशा पार्टीको प्राण हो, संगठन शरीर हो । दुवै चाहिन्छ । तर मुख्य कुरा कार्यदिशा हुन्छ’[25] भने । सम्मेलनको उद्घाटनमा नेता भट्टराईले नयाँ पार्टी बनाउन अभियान शुरु गुर्नपर्ने बताए । बन्दसत्रमा नेता भट्टराईले दाहालको राजनीतिक प्रतिवेदनको आलोचना गरे । उनले समग्रमा दस्तावेज पुरानै निरन्तरतामा रहेको र यसमा कुनै उल्लेख्य क्रमसँग वा छलाङ नभएको आरोप लगाए ।

मूलतः अध्यक्ष दाहाल र भट्टराई पक्षबीच पदमा विवाद मिल्न सकेन । एमाओवादीको अध्यक्ष चयनमा विवाद नभएपनि अरु पदमा विवाद भयो । पद विभाजनका लागि अध्यक्ष दाहाल र नेता भट्टराई पक्षबीच कुरा मिल्न सकेन । भट्टराई पक्षले केन्द्रीय समितिका लागि प्रस्तावित नामप्रति असन्तुष्टि जनायो । नेताहरुबीच सहमति हुन नसकेपछि बन्दसत्र नै स्थगित गर्नुपऱ्यो । भट्टराई पक्षका नेताहरु टोपबहादुर रायमाझी, हिसिला यमी लगायतले एकपक्षीय भएको भन्दै केन्द्रीय समितिमा नबस्ने घोषणा गरे । त्यसपछि भट्टराइले पार्टीमा ‘यसम्यान’ मात्रै जम्मा पारिएको आरोप लगाए ।[26]

आफ्ना माग सम्बोधन नभएको भन्दै भट्टराई पक्षले सम्मेलन नै बहिस्कार गऱ्यो । एमाओवादीको विराटनगर सम्मेलनले विवाद सल्टाउने भन्दा झन् बल्झायो । यसले अध्यक्ष दाहाल र भट्टराइ पक्षबीच अझ बढी विभाजनको रेखा कोऱ्यो । विवादका पोका बोकेर दुवै पक्ष राजधानी फर्किए । त्यसपछि राजधानीमा बसेको केन्द्रीय कार्यालयको बैठकले केन्द्रीय

---

[24] २०७१ साल जेठ १७ गते भएको नेपाल बार एशोसियसनको विशेष संवैधानिक सम्मेलनका सुझाव तथा निष्कर्ष ।

[25] बिसी, गंगा र घिमिरे, माधव । जेठ १९, २०७१ । ‘पूजीबादी क्रान्तिका आधारभूत काम पूरा’ । कान्तिपुर, पृ.१ ।

[26] ‘यसम्यान’ मात्रै जम्मा पारियो । बेशाख २४, २०७१ । कान्तिपुर, पृ. १ ।

समितिमा भट्टराई पक्षलाई पनि समेटनुपर्नेमा जोड दियो । त्यसपछि एमाओवादीमा एकप्रकारको निराशाजस्तो भयो । अध्यक्ष दाहालले नेपाली कम्युनिष्ट आन्दोलनको समीक्षा गर्दै समग्रमा कम्युनिष्ट आन्दोलन संकटमा परेको र क्षयीकरणतिर गएको बताए ।[27] भट्टराई पक्षलाई सहमतिमा ल्याउने प्रयास सफल नभएपछि अध्यक्ष दाहालले राजधानीमा पत्रकार सम्मेलन गरी आफ्ना पक्षका ८४ जना केन्द्रीय समिति सदस्यको नाम सार्वजनिक गरे ।[28] उनले एमाओवादीमा 'लाइनबारेमा कुनै विवाद नभएको'[29] बताए ।

त्यसपछि नेता भट्टराई थप आक्रोशित भए । उनले एकलौटी रुपमा चल्न खोजेको भन्दै पार्टी नेतृत्वको आलोचना गरे । पार्टीभित्र विवाद भएपनि अध्यक्ष दाहालले भट्टराई पक्षलाई सहमतिमा ल्याउने प्रयास जारी राखे । उनले भट्टराईसँग छलफल गरी केन्द्रीय समितिमा फर्कन भट्टराई र उनको पक्षमा रहेकालाई आग्रह गरे । तर, सांगठनिक रुपान्तरणको भरपर्दो आधार नभएको भन्दै भ्ट्टराईले केन्द्रीय समितिमा फर्कन सम्भव नभएको बताए । त्यसपछि बसेको केन्द्रीय समितिको बैठकलाई भट्टराई पक्षले बहिस्कार गऱ्यो ।[30] त्यसपछि भट्टराई पक्षलाई समावेश गराउने भन्दै केन्द्रीय समितिको बैठक केही दिनका लागि स्थगित गरियो । यसबीचमा एमाओवादी अध्यक्ष दाहाल र नेता भट्टराईबीच पटक-पटक वार्ता भयो । त्यसपछि भट्टराई केन्द्रीय समितिमा भाग लिन तयार भए । जेठ ५ गते बसेको एमाओवादीको केन्द्रीय समितिको बैठकले दीर्घकालिन समाधान खोज्न नेतृत्वलाई सुझाव दियो । एमाओवादीले भटट्राइ पक्षलाई पनि समावेश गरी १ सय ४९ सदस्यीय केन्द्रीय समिति बनायो । उपाध्यक्ष पद लिन अस्वीकार गरेपनि भट्टराई वरिष्ठ नेताका रुपमा हेडक्वार्टरमा फर्कन तयार भए । नेताहरुबीच 'संविधान निर्माणलाई मुख्य कार्यदिशा बनाउनुपर्ने, अन्तरसंघर्षलाई व्यवस्थित गर्नुपर्ने र फरक मतलाई सम्मान गर्ने विषयमा आगामी महाधविशेनसम्ममा छलफल गर्दै लैजाने सहमति'[31] पनि भयो ।

जेठ ८ गतेको केन्द्रीय समितिको बैठकमा भट्टराई र उनी पक्षका नेताहरु सहभागी भए ।[32] त्यतिबेला भट्टराईले  आफूले पार्टी फुटाउन नभई रुपान्तरण गर्न चाहेको बताए ।[33] र, आफ्ना असहमति राख्दै भने, 'हामी अझै पनि सहमतिमा पुगेका छैनौ । मेरो राजनीतिमा

---

[27] कान्तिपुर टिभी । २०७१, बैशाख २७ ।

[28] एमाओवादी अध्यक्ष दाहालले २०७१ साल बैशाख २८ गते आफ्नो पक्षमा केन्द्रीय सदस्यहरुको नाम सार्वजनिक गरेका थिए ।

[29] २०७१ साल बैखाख २८ गते एमाओवादीद्वारा प्रकाशित प्रेस विज्ञप्ति ।

[30] २०७१ साल जेठ २ गते बसेको केन्द्रीय समितिको बैठकलाई भट्टराई पक्षले बहिस्कार गरेको थियो ।

[31] बिसी, गंगा । जेठ ७, २०७१ । एमाओवादीमा पदिय विवाद मिल्यो । कान्तिपुर पृ. २ ।

[32] एमाओवादीको बैठकमा सहभागी भए बाबुराम । Retrieved June 5, 2014, from http://setopati.com/raajneeti/11722/

[33] कान्तिपुर टिभी । जेठ ८, २०७१ साल ।

नोट अफ डिसेन्ट छ ।'[34] उता अध्यक्ष दाहालको भनाइ थियो, 'हामी फेरि एक ठाउँमा उभिन्छौ भनेर एकथरिले सोचेकै थिएनन्, यो ऐतिहासिक घटना हो ।'[35]

त्यसपछि एमाओवादीमा पद विभाजनको कुराले निकै महत्व पायो । दुवै पक्षबीच तत्काल सहमति नभएपछि एमाओवादीले पदाधिकारी, पोलिटब्यूरो र स्थायी समिति सदस्यका लागि निर्वाचन गर्ने निर्णय गऱ्यो । त्यसपछि एमाओवादीभित्र सहमति जुटाउन गरिएको प्रयास असफल भयो । पोलिटब्युरो सदस्य चयनका लागि निर्वाचन गर्ने निर्णय भएपछि त्यसलाई भट्टराई पक्षले बहिस्कार गऱ्यो । भट्टराई पक्ष अनुपस्थित भएपनि स्थायी समिति र पदाधिकारीका लागि निर्वाचन भयो । रोचक कुरा के थियो भने भट्टराई पक्ष अनुपस्थित भएपनि उनी समर्थक केही नेता भने पोलिटब्यूरो, स्थायी समिति र पदाधिकारीमा चयन भए जसलाई भट्टराईले आलोचना गरे । भट्टराई पक्षको सहमति बिना नै एमाओवादीको नेतृत्वको कार्यविभाजन गरियो ।[36]

## एमाले महाधिवेशनमा केन्द्रीत

एमाले केन्द्रीय समितिको बैठकले पार्टीको नवौ महाधिवशेन आगामी असार १९ देखि २५ गतेसम्म राजधानीमा गर्ने निर्णय गऱ्यो । एमाले प्रचार विभाग प्रमुख प्रदीप ज्ञवालीले दस्तावेजको काम पूरा नभएकाले महाधविशनको मिति सारिएको बताए । एमालेले यसअघि दुई पटक महाधिवेशनको मिति परिवर्तन गरेको थियो । यस पटक भने नेताहरु निर्धारित समयमा नै महाधिवशेन हुनेमा विश्वस्त थिए ।

वरिष्ठ नेता माधवकुमार नेपाल महाधिवेशनमा आफ्नो पक्षमा माहौल बनाउन देश दौडाहमा लागे भने अध्यक्षका अर्का प्रत्यासी केपी शर्मा ओली थाइल्याण्डको बैंकक भएपनि उनी पक्षीय नेता तथा कार्यकर्ताहरु भने धेरै नै सक्रिय भए । उपाध्यक्ष विद्यादेवी भण्डारीले आगामी महाधविशेनमा अध्यक्षमा केपीशर्मा ओली, वरिष्ठ उपाध्यक्षमा वामदेव गौतम र महासचिवमा ईश्वर पोखरेललाई अघि सारिन । वरिष्ठ नेता माधवकुमार नेपालले नवौं महाधिवेशनका लागि अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गर्नुका साथै नीतिपत्र पनि सार्वजनिक गरे । तर सचिव शंकर पोखरेलले पार्टीको वरिष्ठ नेता अध्यक्षमा उठनु विधान सम्मत नहुने जिकिर गरे ।[37]

---

[34] भट्टराई समूह फर्कियो । जेठ, ९, २०७१ । कान्तिपुर, प.३ ।

[35] भट्टराई समूह फर्कियो । जेठ, ९, २०७१ । कान्तिपुर, प.३ ।

[36] बैठकले अध्यक्ष प्रचण्डलाई समग्र पार्टी, बरिष्ठ नेता बाबुराम भट्टराईलाई सदन तथा अध्ययन अनुसान्धान, उपाध्यक्ष नारयणकाजी श्रेष्ठलाई अन्तर्राष्ट्रिय, उपाध्यक्ष पोष्टबहादुर बोगटी संगठन तथा अनुगमन विभाग संयोजक, महासचिव कृष्णबहादुर महरालाई उक्त विभागमा सचिव तोकेको थियो -२०७१ साल जेठ १७ गते एमाओवादीद्वारा प्रेस विज्ञप्ति ।

[37] नेता नेपाल अध्यक्षमा उठनु विधान सम्मत छैन-सचिव पोखरेल । Retrieved June 5, 2014, from http://setopati.com/raajneeti/12134/

## विविध

निकै विवादमा रहेको सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता सम्बन्धी छानबिन आयोग गठन सम्बन्धी विधेयकलाई राष्ट्रपति रामवरण यादवले प्रमाणीकरण गरे ।[38] सर्वोच्च अदालतले प्रत्यक्ष निर्वाचनमा पराजित, समानुपातिक प्रणालीको बन्द सूचीमा परेर सभासद् बन्न नपाएका, राजनीतिक दलसँग आवद्ध व्यक्तिलाई मनोनयन गर्ने २६ जना सभासदमा नपार्ने र १५ दिनभित्र मनोनयन गर्न सरकारलाई परामादेश दियो । सर्वोच्चको परमादेशमा 'संविधानसभालाई नै अपूर्णताबाट पूर्णतातर्फ लैजान सघाउने हिसाबले राखिएको यस्तो विशेष व्यवस्थालाई राजनीतिक शक्ति समीकरणमा तालमेल र दलगत सिमित स्वार्थको विषय बनाउन कदाचित मिल्दैन । र, राजनीतिक भागवण्डाबाट माथि उठेर संविधान निर्माणको अभीष्ट साध्य गर्ने कुरामा मनन गर्नु विशेष जरुरी देखिन्छ'[39] भन्ने उल्लेख थियो । सर्वोच्च अदालतले तोकेको १५ दिनभित्र २६ सभासद् मनोनयन गर्न नसकेपछि सम्भावित मानहानी मुद्दाबाट बच्न सरकारले पुनरावलोकन निवेदन दियो ।[40]

यस्तै जनकपुर बम काण्डका मुख्य योजनाकार भनिएका सभासद् सञ्जयकुमार साहलाई प्रहरीले पक्राउ गऱ्यो । संविधानसभाका चारवटा उपनिर्वाचन क्षेत्रमा उम्मेदवारहरुले मनोनयत्र पत्र दर्ता गराए । प्रिबजेटबारे छलफल गर्न जेठ १६ गतेदेखि संसदको अधिवेशन डाकियो ।[41] तर प्रतिपक्षी दलहरुले यस अघि सरकारसँग भएका सहमति कार्यान्वयन गर्न आग्रह गर्दै संसद बैठक अवरुद्ध गरे ।[42]

## निष्कर्ष

योग्य र नैतिकवान व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीश बनाउनका लागि संसदीय सुनवाइको व्यवस्था राख्नु उपयुक्त हो । तर, त्यसका लागि राजनीतिक दल तथा तिनीहरुका सभासद्हरुले विवेक प्रयोग गर्न अनविार्य हुन्छ । तर, राजनीतिक दलहरुको प्रभावमा न्यायाधीशहरुको सिफारिस हुने, त्यसकै आधारमा सुनवाइमा धारणा बनाउने हो भने यसको औचित्व समाप्त प्रायः हुन्छ । गम्भीर अध्ययन अनुसन्धान भन्दा पनि परेका उजुरीलाई आधार बनाएर अघि बढ्दा न्यायाधीहरुको गरिमा र चरित्र माथि त प्रश्न उठ्यो नै प्रश्न सोध्ने सभासद्हरुको स्तर पनि खस्कियो । सभासद् र न्यायाधीशहरुको द्वन्द्व बढाउने गरी संसदीय सुनवाइ गर्ने परिपाटीले नत न्यायालयको गरिमा बढ्छ नत संसदको नै । संसदीय

---

[38] राष्ट्रपति रामवरण यादवले २०७१ साल बैशाख २८ गते सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता सम्बन्री छानबिन आयोग गठन सम्बन्धी आयोगको ऐनलाई प्रमाणीकरण गरेका थिए ।

[39] २०७१ साल बैशाख २९ गते सर्वोच्च अदालतको परमादेश ।

[40] खड्का, धनश्याम र न्यौपाने कुलचन्द्र । जेठ १४, २०७१ । २६ सभासद्बारे पुनरावलोकन निवेदन । कान्तिपुर, प.१ ।

[41] राष्ट्रपति रामवरण यादवले २०७१ साल जेठ २ गते जेठ १६ गतेका लागि संसदको बैठक आह्वान गरेका थिए ।

[42]बुढाथोकी, बिष्णु । एमाओवादी र राप्रपा नेपालद्वारा संसद बैठक अवरुद्ध । Retrieved June 15, 2014, from http://setopati.com/raajneeti/12092/

सुनुवाईलाई प्रभावकारी बनाउने हो भने गहन अध्ययन तथा अनुसन्धानपछि तथ्यमा आधारित प्रश्न न्यायाधीशहरुलाई सोध्ने र आचरण खराव भएकाहरुलाई न्यायाधीश बन्नबाट रोक्ने आवश्यक हुन्छ । तबमात्र संसदीय सुनवाईको औचित्व कायम रहन सक्छ । न्यायाधीश नियुक्तिलाई सरकारले आफ्नो प्रतिष्ठासँग जोडने र प्रतिपक्षीहरुले विरोध मात्र गर्ने परिपाटीले कसैलाई पनि फाइदा नपुऱ्याउने प्रष्टै छ ।

अघिल्लो संविधानसभाका बेला आएका मुद्दामध्ये सहमति र असहमतिका विषय पहिचान गर्ने सकारात्मक कुरा हो । विभिन्न समितिले उपसमितिमार्फत काम गर्दा त्यसका लागि उपयुक्त वातावरण पनि बन्छ । तर, बिगतकै हिसावले छलफलका लागि छलफल मात्र गर्ने हो भने सहमति कायम गर्न कठिन छ । राजनीतिक दलहरुले आ-आफ्ना धारणा राख्न पाउँछन् । तर, शक्ति सन्तुलनका आधारमा कुन विषयमा कसरी सहमति हुन्छ भनेर खोज्न पनि उत्तिकै आवश्यक हुन्छ । त्यसो भएमा मात्र संविधान निर्माण सहज रुपमा अघि बढ्न सक्छ । विवाद र सहमतिका विषय पहिचान हुने, संविधानसभामा पठाउने र त्यहाँबाट संविधान मस्यौदा समितिमा पठाउने प्रकृयाले संविधान निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाएको देखिन्छ ।

दलिय व्यवस्थामा मुख्य मुख्य विषयमा राजनीतिक दलहरुबीच छलफल हुनु र भागवण्डा हुनु अनौठो होइन । तर, भएका प्रावधानलाई कुल्चेर आफ्नो अनुकुल बनाउन खोज्नु र त्यसमा समेत सहमति जुटाउन नसक्नु राजनीतिक दल तथा सरकारको असफलता नै मान्नुपर्छ । मन्त्रिपरिषद्बाट मनोनित हुने २६ जना सभासद्को बारेमा पनि त्यही देखिन्छ । सरकारले तदारुकता नलिने, राजनीतिक दलहरुबीच सहमति कायम हुने र पार्टीभित्र पनि समस्या हुँदा पूर्व निर्धारित समयमा नियुक्त हुन त परै जाओस्, यसले राजनीतिक दलहरुको निर्णय क्षमता र कार्यशैलीप्रति गम्भिर प्रश्न खडा गर्छ ।

## मुख्य घटनाक्रम

**बैशाख १९:** साना आठ दलद्वारा संविधानसभाभित्र यथास्थितिवादी चिन्तन बोकेका दल हाबी हुन लागेको भन्दै संविधानसभामा साझा मुद्दाका लागि संयुक्त मञ्च गठन ।

**बैशाख २०:** एमाओवादी नेता बाबुराम भट्टराईद्धारा पार्टीको महाधिवेशन गर्न माग ।

**बैशाख २१:** प्रधानमन्त्री सुशील कोइरालाद्धारा जनतासँग प्रत्यक्ष सरोकार राख्ने कामलाई प्रभावकारी बनाउन मन्त्रीहरुलाई निर्देशन ।

जनकपुर बम काण्डका मुख्य योजनाकार भनिएका सभासद् सञ्जयकुमार साह पक्राउ ।

**बैशाख २२:** एमाले केन्द्रीय कमिटीको बैठक । नवौ महाधिवशेन असार १९ देखि २५ गतेसम्म काठमाडौंमा गर्ने निर्णय ।

काँग्रेस र एमाले नेताहरुबीच अनौपचारिक वार्ता । मन्त्रिपरिषदले मनोयनन गर्ने २६ जना सभासद र ११ वटा संसदीय समितिको नेतृत्वको भागवण्डाबारे सहमति भएको एमाले नेता प्रदीप ज्ञवालीद्वारा जानकारी ।

संविधान मस्यौदा समितिद्धारा कानूनविद्हरुसँग परामर्श । संविधानवादको सिद्धान्तमा आधारित भएर संविधानको मस्यौदा तयार पार्न सुझाव ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति उपसमितिद्वारा विभिन्न समूहसँग भएको सहमति तथा सम्झौताको कपी उपलब्ध गराउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पत्रचार ।

**बैशाख २३:** सूचना तथा सञ्चार मन्त्री एवम सरकारका प्रवक्ता मिनेन्द्र रिजालद्वारा संविधान निर्माणका लागि बातावरण तयार पार्ने मुख्य जिम्मेवारीमा सरकार सफल भएको दाबी ।

नेकपा माओवादीको पोलिट्ब्युरो बैठक । असार दोस्रो साता पार्टीको राष्ट्रिय सम्मेलन गर्ने निर्णय ।

एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल अध्यक्षमा सर्वसम्मत चयन । बाबुराम भट्टराईद्वारा सम्मेलन बहिस्कार ।

**बैशाख २५:** संसदीय सुनवाई समितिको बैठक । सदस्यहरुबीच विवाद । न्यायापरिषद्ले गलत व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको भन्दै न्यायपरिषद्को निर्णय पुस्तिका बैठकमा झिकाउने निर्णय ।

संविधान मस्यौदा समितिद्धारा कानूनविद्हरुसँग परामर्श । संविधान निर्माणको जुन विधि र प्रकृया अपनाए पनि सबै पक्षलाई अटाउने गरी अघि बढन समितिलाई सुझाव ।

**बैशाख २६:** एमाओवादीको केन्द्रीय कार्यालयको बैठक । बाबुराम भट्टराई पक्षले गरेको बहिष्कारबारे समीक्षा । केन्द्रीय समितिमा भट्टराई पक्षलाई पनि समेटनुपर्नेमा जोड ।

न्यायपरिषद् सदस्य खेमनारायण ढुंगानाद्वारा सर्वोच्च अदालतका न्यायाधीशको सिफारिस मापदण्डअनुसार भएको दाबी गर्दै सिफारिसमा पुनरावलोकन नहुने स्पष्टोक्ति ।

न्यायाधीश नियुक्तिका लागि न्यायपरिषदले गरेको सिफारिस फिर्ता हुनुपर्ने नेपाल बार एसोसिएसनका अध्यक्ष हरिकृष्ण कार्कीको भनाइ ।

**बैशाख २८:** एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालद्वारा राजधानीमा पत्रकार सम्मेलन । बाबुराम भट्टराई समूहका नेताहरुलाई समावेश नगरीकन केन्द्रीय समितिको ८४ जनाको नाम सार्वजनिक ।

राष्ट्रपति रामवरण यादवद्वारा सत्य निरुपण तथा मेलमिलाप र बेपत्तासम्बन्धी छानबिन आयोग गठनसम्बन्धी विधेयक अनुमोदन ।

**बैशाख २९:** कांग्रेस, एमाले  र एमाओवादीका शीर्ष नेताहरुको बैठक । राजनीतिक सहमतिका आधारमा २६ जना सभासदको नियुक्ति, बेपत्ता छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोग गठनका विषयका साथै राजदुत तथा संबैधानिक निकायमा पदपूर्ती गर्नेबारे छलफल ।

संविधान मस्यौदा समितिद्वारा कानूनविद्हरुसँग परामर्श । मुलुकको यथार्थ धरातल, संस्कृति र शक्ति सन्तुलनलाई आधार मानेर संविधानको मस्यौदा तयार पार्न समितिलाई सुझाव ।

एमाले स्थायी समिति बैठक । न्यायाधीश सिफारिस त्रुटीपूर्ण रहे दीर्घकालिन असर पर्ने भन्दै सबै पक्षसँग छलफल गर्ने निर्णय ।

संसदीय सुनुवाई बिशेष समितिले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तीको सिफारिस गर्दा भएको निर्णयको प्रतिलिपी मागेपछि न्यायपरिषद्ले निर्णयको प्रतिलिपि समितिमा पठायो ।

सर्वोच्च अदालतद्वारा  २६ जना सभासद १५ दिनभित्र मनोनयन गर्न सरकारलाई परामादेश ।

**बैशाख ३०:** संसदीय सुनवाई समितिद्वारा न्यायपरिषद्को सिफारिसमा परेका न्यायाधीश र उजुरीकर्तालाई समितिमा बोलाउने निर्णय ।

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा जनकपुर बमकाण्डमा अदालतले दोषी ठहर गरेका सभासद सञ्जयकुमार शाहलाई संविधानसभा सदस्यबाट निलम्वन गरिएको संविधानसभालाई जानकारी ।

उज्जनकुमार श्रेष्ठको हत्या अभियोगमा ओखलढुङगा जिल्ला अदालतबाट  जन्मकैदको फैसला सुनाईएका पूर्वमाओवादी कार्यकर्ता पुष्कर गौतमलाई केन्द्रीय कारागार सुन्धारा चलान ।

**बैशाख ३१:** सर्वोच्च अदालतको न्यायाधीशका लागि न्यायपरिषद्द्वारा गरिएको सिफारिसबारे एमालेद्वारा आफू निकटका कानून व्यवासायीसँग परामर्श ।

**जेठ १:** एमाले संसदीय दलको बैठक । न्यायपरिषद् सदस्यहरुलाई संसदीय सुनवाइ विशेष समितिमा बोलाउने निर्णय गलत भएको टिप्पणी, न्यायाधीश नियुक्तिमा समर्थन गर्न सभासद्हरुलाई निर्देशन ।

उपनिर्वाचनका कार्यक्रम सार्वजनिक, विद्युतीय मेसिनबाट मतदान गर्ने निर्णय ।

**जेठ २ :** एकीकृत नेकपा माओवादीको केन्द्रीय समितिको बैठक । बाबुराम भट्टराई पक्षद्वारा बहिस्कार ।

न्याय परिषद्का सदस्यलाई संसदीय सुनुवाइका लागि बोलाउने निर्णय असंवैधानिक भएको ठहर गर्दै निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश  ।

राष्ट्रपति रामवरण यादवद्वारा जेठ १६ गतेदेखि बजेट अधिवेशन आहवान ।

संविधान लेखनबारे संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा विभिन्न देशका कुटनीतिक नियोगका प्रमुखहरुलाई जानकारी ।

**जेठ ३ :** बाबुराम भट्टराई पक्षलाई सहभागी गराउन एमाओवादीको केन्द्रीय समितिको बैठक दुई दिनका लागि स्थगित ।

न्यायपरिषद्द्वारा सर्वोच्च अदालतका लागि सिफारिस न्यायाधीश नियुक्तिको बाटो खोल्न प्रधानमन्त्रीद्वारा साना दलहरुसँग लविङ ।

**जेठ ४:** समितिमा नआउने न्यायपरिषद्को पत्रप्रति सभासदहरुको आपत्ति । सिफारिस नै फिर्ता पठाउनुपर्नेमा एमाओवादी र एमाले सभासद्को जोड । काँग्रेसका सभासद्हरुद्वारा न्यायपरिषद र सिफारिसमा परेका न्यायधीशहरुको बचाउ ।

प्रधानमन्त्री सुशील कोइराला र एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता । न्यायाधीश नियुक्तिमा सहयोग गर्न प्रधानमन्त्री कोइरालाद्वारा एमाओवादी अध्यक्ष दाहाललाई आग्रह ।

एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र नेता बाबुराम भट्टराई पक्षबीच छलफल । केन्द्रीय कमिटीको बैठकमा भाग लिन भट्टराई पक्ष तयार ।

**जेठ ५:** राजधानीमा एमालेका नेता केपी शर्मा ओली पक्षको कार्यक्रम । ओलीलाई अध्यक्ष, वामदेवलाई वरिष्ठ उपाध्यक्ष र ईश्वर पोखरेललाई महासचिवमा उठाउने उपाध्यक्ष विद्या भण्डारीको घोषणा ।

समितिमा नआउने न्याय परिषदको पत्रलाई लिएर संसदीय सुनुवाइ विशेष समितिमा विवाद । काँग्रेस सभासद्हरुद्वारा पत्रलाई सामान्य रुपमा लिनुपर्ने धारणा । एमाले, एमाओवादी र साना दलका सभासद्हरु जवाफ दिनुपर्ने पक्षमा ।

संविधानसभाको राजनीतिक संवाद तथा सहमति समितिद्धारा विगतमा राजनीतिक दल र विभिन्न समूहसँग भएका सहमति कार्यान्वयन गरी संविधान निर्माण प्रक्रियामा सहयोग गर्न सरकारलाई आग्रह ।

संवैधानिक मस्यौदा समितिद्धारा विज्ञहरुसँग छलफल । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको शक्ति सन्तुलनमा ध्यान दिन सुझाव ।

एमाओवादीको केन्द्रीय समितिको बैठक । दीर्घकालिन समाधान खोज्न नेतृत्वलाई सुझाव ।

नेकपा माओवादीसहितका ३३ दलद्वारा प्रधानमन्त्री सुशील कोइरालालाई ज्ञापनपत्र, गोलमेच सम्मेलनको माग ।

**जेठ ६:** संसदीय सुनवाई विशेष समितिको बैठक । न्यायपरिषद्लाई पत्र पठाउने या नपठाउनेबारे सदस्यहरुबीच विवाद भएपछि त्यत्तिकै स्थगित ।

पार्टी नेतृत्वको विषयलाई लिएर राष्ट्रिय प्रजातन्त्र पार्टीमा विवाद । पार्टी अध्यक्ष सुर्यबहादुर थापाले पार्टीको नेतृत्व चक्रिय प्रणालीअनुसार जिम्मेवारी नछोडेको भन्दै लोकेन्द्रबहादुर चन्द र प्रकाशचन्द्र लोहोनीद्वारा नेतृत्व हस्तान्तरण गर्न आग्रह ।

एमाओवादीको केन्द्रीय समितिको बैठक । बाबुराम भट्टराई पक्ष पनि सहभागी ।

**जेठ ७** : न्यायपरिषदको पत्रमा उल्लेखित शब्द र भाषा संसदको मर्यादाविपरित भएको भन्दै संसदीय सुनुवाइ विशेष समितिको आपत्ति । न्यायपरिषदलाई पत्र पठाउने समितिको निर्णय । सिफारिस समावेशीसिद्धान्त बमोजिम किन भएन भनेर परिषद्सँग जवाफ माग्ने निर्णय ।

संविधानसभाको बैठक । १८ वर्ष पुगेकालाई सैनिक तालिम दिनुपर्ने कि नपर्ने भन्नेमा सभासद्हरुबीच मतान्तर ।

दुई सिट रहेको दलित जनजाति पार्टीमा विभाजन ।

**जेठ ८ :** एमाओवादीको केन्द्रीय कमिटीको बैठक । भट्टराई पक्ष बैठकमा सहभागी । पार्टी फुटाउन नभई रुपान्तरण गर्न चाहेको भट्टराईको भनाइ ।

संवैधानिक, राजनीतिक सम्वाद तथा सहमति समितिको बैठक । नयाँ बन्ने सविधानमा समावेश गर्नुपर्ने विषयबारे सुझाव दिन सरोकारवालाहरुलाई आग्रह ।

सुनवाई समितिद्वारा उजुरी दिएका उजुरीकर्तासँग संसदीय सुनवाइ समितिद्वारा जानकारी लिन शुरु ।

**जेठ ९ :** एमाओवादी केन्द्रीय समितिको बैठक । पदाधिकारी, पोलिटब्यूरो र स्थायी समिति सदस्यकाका लागि निर्वाचन हुने ।

प्रधानमन्त्री सुशील कोइराला र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यबीच छलफल । आफूले उठाएका राजनीतिक विषयमा छलफल गर्न सबै दल सम्मिलित बृहत भेला गर्न प्रधानमन्त्री सुशील कोइराला सहमत भएको नेकपा माओवादीका सचिव देव गुरुङको भनाइ ।

चक्रिय प्रणालीअनुसार पदावधी सकिएको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापाद्वारा पद छोडने जानकारी । अध्यक्ष छान्ने जिम्मेवारी केन्द्रीय समितिको भएको भनाइ ।

संसदीय सुनवाइ विशेष समितिलाई न्यायपरिषद्को पत्र । समितिको गरिमा र मर्यादामा आँच पुऱ्याउने मनसाय नभएको स्पष्टोक्ति । समितिद्वारा न्यायाधीशहरुको सुनवाइ गर्न शुरु ।

**जेठ १० :** एमाओवादीको पोलिटब्युरो, स्थायी समिति र पदाधिकारीमा सहमति जुटाउन दिनभर भएको प्रयास असफल । अर्को दिन निर्वाचन गर्ने एमाओवादीको भनाइ ।

एमाओवादीद्वारा असार ८ गते हुने उप निर्वाचनका लागि उम्मेदवार चयन । काठमाडौं क्षेत्र नम्बर २ मा लिलामणि पोखरेल, बदिर्या क्षेत्र नम्बर १ मा भुवन चौधरी, चितवन क्षेत्र नम्बर ४ मा खुशीराम पाखीन र कैलाली क्षेत्र नम्बर ६ मा रामसमझ रानालाई उम्मेदवार बनाउने निर्णय ।

संसदीय सुनुवाई विशेष समितिमा न्यायपरिषदबाट सर्वोच्च अदालतको स्थायी न्यायाधीशका लागि सिफारिस भएकामध्ये दिपकराज जोशी र गोविन्दकुमार उपाध्यायको सुनुवाई सम्पन्न ।

मधेशी जनअधिकार फोरम नेपालद्धारा वरिष्ठ नेता भरतविमल यादवसहित चारजना नेतालाई कारवाही गर्दै केन्द्रीय कार्यसमितिबाट निष्कासन ।

राप्रपा नेपालको महाधिवेशन राजधानीमा शुरु ।

**जेठ ११:** संसदीय सुनुवाई विशेष समितिमा न्यायाधीशहरुको सुनवाई सम्पन्न ।

एमाओवादीद्धारा निर्वाचनमार्फत ५१ सदस्यीय पोलिटव्यूरो सदस्य चयन । बाबुराम भट्टराईसहित उनी पक्षिय नेता अनुपस्थित ।

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री मीनेन्द्र रिजालद्वारा पत्रकार सम्मेलन । राजनीतिक सहमतिका आधारमा संविधान निर्माणका लागि आधार बनाउनु मुख्य उपलब्धी ।

**जेठ १२:** संसदीय सुनुवाई विशेष समितिद्धारा सर्वोच्च अदालतमा स्थायी न्यायाधीश नियुक्तिका लागि न्यायपरिषद्बाट सिफारिस गरिएका आठ जना न्यायाधीशलाई अनुमोदन । छ जना न्यायाधीशमाथि मतदान, दुई जना सर्वसम्मत रुपमा अनुमोदन । राप्रपा नेपालद्वारा बहिस्कार ।

एकीकृत नेकपा माओवादीको केन्द्रीय समितिद्वारा १६ जनालाई स्थायी समिति सदस्यमा चयन ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा पत्रकार सम्मेलन । संविधान निर्माणमा समेट्नुपर्ने विषयबारे संविधानसभा बाहिर रहेका दलहरुसँग पनि अनौपचारिक छलफल भइरहेको जानकारी ।

नेकपा माओवादी नेतृत्वको ३३ दलीय राष्ट्रिय मोर्चाद्धारा असार ८ गतेको उपनिर्वाचन बहिष्कार गर्ने निर्णय ।

**जेठ १३ :** एमाओवादीद्वारा निर्वाचन प्रक्रियाद्वारा पदाधिकारीको टुंगो ।

२६ जना सभासदको मनोनयनका विषयमा सर्वोच्च अदालतले दिएको आदेशमा पुनरावलोकन गर्न माग गर्दै सरकारद्वारा सर्वोच्च अदालतमा निवेदन दर्ता ।

संसदीय सुनवाई विशेष समितिद्वारा अनुमोदित आठै जना न्यायाधीश सर्वोच्च अदालतको इजलासमा ।

राप्रपा नेपालका अध्यक्षमा पदम सुन्दर लावतीलाई पराजित गरी कमल थापा पुन : विजयी ।

**जेठ १४:** एमाले केन्द्रीय कमिटी बैठक । सय दिनको कामकारवाही प्रभावकारी नभएको भन्दै सरकारको आलोचना, १८ गतेसम्मका लागि स्थगित ।

संविधान मस्यौदा समितिले १६ गतेबाट नयाँ संविधानको मस्यौदा लेखन शुरु गर्ने ।

निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि सभासद्हरुलाई दिइने १० लाख रुपैयाँ अबदेखि नदिन माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर ।

**जेठ १५:** संविधानसभाको बैठक । विवादित मुद्दामा सहमित हुन नसके मतदानबाट टुंगो लगाएर समयै संविधान जारी गर्ने प्रधानमन्त्री कोइरालाको भनाइ ।

**जेठ १६:** संविधान मस्यौदा समितिद्वारा संविधानको मस्यौदा लेखन शुरु भएको जानकारी ।

प्रस्तावना र परिभाषा उपसमिति, मौलिक हक राज्यको निर्देशक सिद्धान्त र आयोगहरु सम्वन्धी उपसमिति, न्यायापालिका उपसमिति, व्यवस्थापिका उपसमिति र कार्यपालिका उपसमिति गठन ।

एमाले संसदीय दलको बैठक । मनपरी रकमान्तर गरेको भन्दै अर्थमन्त्री रामशरण महतको आलोचना ।

व्यवस्थापिका संसदको बैठक । रकमान्तरमा मनपरी गरेको भन्दै प्रतिपक्षी दलहरुद्वारा बैठक अवरुद्ध ।

नयाँ संविधानमा पहिचान र सामर्थ्यका आधारमा राज्य पुर्नसंरचना र राष्ट्रपतिय प्रणालीलाई शासकीय स्वरुप अपनाउनुपर्ने कानुन व्यवसायीको सुझाव ।

**जेठ १७ :** एमालेका वरिष्ठ नेता माधवकुमार नेपालद्वारा नवौं महाधिवेशनका लागि अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा, नीतिपत्र पनि सार्वजनिक ।

एमाले संसदीय दलको बैठक । संसदीय दलले पूर्णता नपाउँदा सरकार र संसदमा पार्टीको भूमिका प्रभावकारी हुन नसकेको भन्दै पार्टी नेतृत्वको आलोचना ।

एमाओवादी नेताहरुको कार्यविभाजन ।